का.मि.द.नं.१२७/०६३/६४, म.क्षेत्र.मि.द.नं. १७/०६९/७०

सोमबार २१ माघ ०८१
www.nayapatrikadaily.com
नयाँ पत्रिका

# CHILIME HYDROPOWER COMPANY LIMITED

Maharajgung, Kapanmarga, Kathmandu

## Unaudited Financial Position as on 29th Poush 2081 (January 13, 2025)

(Rs.'000')

| Particulars | 2081.09.29 (13.01.2025) | 2081.06.30 (16.10.2024) | 2080.09.29 (14.01.2024) |
|---|---|---|---|
| **Assets** | | | |
| **Non-current assets** | | | |
| Property, plant and equipment | 1,624,858.08 | 1,635,089.25 | 1,690,532.85 |
| Capital Work-In-Progress | 528,101.87 | 528,101.87 | 449,406.82 |
| Investment Work-In- Progress | 264,521.29 | 264,521.29 | 608,858.17 |
| **Financial Assets** | | | |
| Investment in subsidiary | 6,533,568.81 | 6,533,568.81 | 6,140,105.90 |
| **Total non-current assets** | **8,951,050.05** | **8,961,281.22** | **8,888,903.74** |
| Inventory | 94,648.47 | 97,534.41 | 92,937.23 |
| Advances and Deposit | 455,880.15 | 395,227.40 | 126,279.71 |
| **Financial Assets** | | | |
| Investment in Term Deposits | 2,000,862.53 | 1,823,656.31 | 1,598,245.06 |
| Other current assets | 171,128.16 | 269,723.02 | 159,666.91 |
| Cash and cash equivalent | 88,418.26 | 64,003.54 | 277,753.86 |
| Current Tax Assets( Net) | - | 5,214.72 | |
| **Total current assets** | **2,810,937.58** | **2,655,359.40** | **2,254,882.78** |
| **Total assets** | **11,761,987.62** | **11,616,640.60** | **11,143,786.52** |
| **Equity and liabilities** | | | |
| **Equity** | | | |
| Paid up share capital | 8,782,396.92 | 7,983,997.20 | 7,983,997.20 |
| Retained earnings | 2,389,508.64 | 3,184,737.93 | 2,538,646.84 |
| **Total Equity** | **11,171,905.56** | **11,168,735.13** | **10,522,644.04** |
| Defined Benefit Plans | 170,540.62 | 168,504.63 | 163,716.59 |
| Deferred tax Liabilities | 106,163.94 | 106,163.94 | 217,397.53 |
| **Total Non-current liabilities** | **276,704.56** | **274,668.57** | **381,114.12** |
| **Current liabilities** | | | |
| Provisions for employee benefits | 193,462.82 | 24,397.83 | 113,560.66 |
| Corporate Social Responsibility Fund | 23,336.87 | 21,672.92 | 20,727.35 |
| **Financial Liabilities** | | | |
| Trade and Other Payables | 68,866.34 | 85,648.03 | 66,098.35 |
| Current Tax Liabilities ( Net) | 27,711.46 | 41,518.12 | 39,642.00 |
| **Total Current Liabilities** | **313,377.50** | **73,236.90** | **240,028.36** |
| **Total Equity and Liabilities** | **11,761,987.62** | **11,616,640.60** | **11,143,786.52** |

## Unaudited Profit & Loss Accounts from 1st Shrwan 2081 to 29th Poush 2081 (16th July 2024 to 13th January 2025)

(Rs.'000')

| Particulars | FY 2081/082 (Up to Poush) (2024/025) | FY 2081/082 (Up to Aswin) (2024/025) | FY 2080/081 (Up Poush) (2023/024) |
|---|---|---|---|
| Revenue | 640,942.64 | 3,61,855.00 | 612,037.41 |
| Direct Expenses | (57,112.38) | (28,913.00) | (64,001.27) |
| Royalty Expenses | (86,294.26) | (58,286.00) | (76,802.24) |
| **Gross Profit** | **497,536.00** | **2,74,657.00** | **4,71,233.90** |
| Employee benefit expense | (19,224.55) | (11,437.00) | (22,450.33) |
| Administrative Expenses | (10,321.41) | (6,711.00) | (7,797.06) |
| Depreciation and amortization | (33,160.37) | (18,319.00) | (34,500.67) |
| **Profit from Operation** | **434,829.67** | **2,38,190.00** | **406,485.84** |
| Finance Income | 62,457.11 | 20,343.00 | 82,035.24 |
| Other Income | 3.50 | - | 114.34 |
| **Profit/(Loss) Before Tax and Bonus** | **497,290.28** | **2,58,533.00** | **488,635.41** |
| Employee Bonus | (9,945.81) | (5,171.00) | (9,581.09) |
| **Profit/(Loss) Before Tax** | **487,344.48** | **2,53,362.00** | **479,054.32** |
| Current tax | (100,591.75) | (41,518.00) | (99,912.63) |
| **Profit after Tax** | **386,752.72** | **2,11,844.00** | **379,141.70** |
| Corporate Social Responsibility Expenses | (3,867.53) | (2,118.00) | (3,791.42) |
| **Net Profit for the year** | **382,885.19** | **2,09,726.00** | **375,350.28** |
| Revenue | 640,942.64 | 3,61,855.00 | 612,037.41 |
| Direct Expenses | (57,112.38) | (28,913.00) | (64,001.27) |

## धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को नियम २६ को उपनियम (१) अनुसूची-१४ अनुसार कम्पनीको आ.व. २०८१/०८२ को दोश्रो त्रैमासिक प्रतिवेदन ।

**१. वित्तिय विवरण :**

(क)दोस्रो त्रैमासिक अवधिको संक्षिप्त वासलात र नाफा/(नोक्सान) सम्वन्धी विवरणहरु यसै साथ सम्लग्न गरिएको छ ।

| विवरण | आ.व. २०८१/०८२ दोस्रो त्रैमासिक (पौष मसान्तसम्म) | आ.व. २०८०/०८१ दोस्रो त्रैमासिक (पौष मसान्तसम्म) | कैफियत |
|---|---|---|---|
| प्रतिशेयर आम्दानी | ८.७२ | ९.४० | बार्षिकिकरण गरिएको |
| P/E Ratio | ५७.५ | ५५.२० | |
| प्रतिशेयर नेटवर्थ | १२७.२१ | १३१.८० | |
| प्रतिसेयर कुल सम्पत्तिको मूल्य | १३४.०१ | १३९.५८ | |
| तरलता अनुपात | ८.१२ | ९.३९ | |

**२. व्यवस्थापकीय विश्लेषण :**

(क)गत आ.व. २०८०/०८१ को अनुपातमा यस आ.व. २०८१/०८२ को पौष मसान्तसम्मको विद्युत विक्री रु २ करोड ८९ लाख ५ हजार अर्थात ४.७२ % ले वृद्धि हुन गएको छ । नेपाल विद्युत प्राधिकरणले यस आ.व.को पौष मसान्तसम्म कर्नेयाक्ट ईनर्जिको तुलनामा विगत आ.व. मा भन्दा अतिरिक्त विद्युत उर्जा खरिद गरिदिएको हुँदा विद्युत विक्री आम्दानि पनि सोही अनुसार वृद्धि हुन गएको छ ।

गत आ.व. को यसै अवधिको तुलनामा यस आ.व. मा बैक मौज्दात न्युन हुन जाँदा र व्याज दरमा पनि क्रमशः घट्दै गएकोले व्याज आम्दानीतर्फ रु १ करोड ९६ लाख ८८ हजार अर्थात २३.९७ % ले न्युन हुन गएको छ । हालको नगद मौज्दातलाई लाभांश दिन, नयाँ आयोजनाको पहिचान एवं विकास, अध्ययन, चिलिमे कर्पोरेट निर्माण, कार्यालय सञ्चालनार्थ लगायतका कामहरूका लागि उपयोग गर्दै लगिने छ । मिति २०८१ साल पुस २८ गतेको २८ औं वार्षिक साधारण सभाले पारित गरे बमोजिमको २% नगद लाभांश रकम भुक्तानी नभैसकेकोले व्यवस्था (Provision) मा देखाउँदा यस शिर्षकमा दायित्व वृद्धि हुन गएको छ । यो प्रतिवेदन तयार गर्दाका वखत भने उक्त रकम शेयर रजिष्ट्रार श्री सिद्धार्थ क्यापिटल लि. मार्फत शेयरधनीको खातामा पठाइ सकिएको छ ।

(ख)कम्पनीको नाफा र नगद प्रवाहमा प्रतिकूल असर पर्ने खालको घटना र अवस्था देखिएको छैन । तर मानवीय नियन्त्रण भन्दा वाहिरको दैवि प्रकोप (कावु वाहिर) को असर भने सदा रहिरहने ।

**३. कानुनी कारवाही सम्वन्धी विवरण :**

यस कम्पनीले आ.व. २०७५/०७६ को आय विवरण ठूला करदाता कार्यालयमा पेश गरिएको मा तहाँबाट संशोधिथ कर निर्धारण भएको र उक्त कर निर्धारण गरेको कुरा चित्त नवुझी आन्तरिक राजश्व विभागमा पुनरावलोकनका लागि पेश गरिएको छ ।

**४. संगठित संस्थाको सेयर कारोवार सम्वन्धी विश्लेषण :**

(क)सेयरको वजार नूल्यमा असाधरण तरिकाले थप/घट हुने गरी कम्पनी व्यवस्थापनबाट कुनै कार्यहरु भएका छैनन् । संस्थाले अपेक्षित नाफा आर्जन गर्न सफल भएको र आगामी दिनमा अझ बढी सफलता हासिल गर्ने कुरामा व्यबस्थापन पक्ष विश्वस्त रही सम्वन्धित लगानीकर्ताहरूलाई पनि विश्वस्त गराउन चाहन्छ ।

(ख) मिति २०८१/०९/२८ गतेको २८औं वर्षिक साधारण सभाले पारित गरे बमोजिम साधारण सेयर दाखिला खारेज वन्द भएको मितिमा सेयरधनी दर्ता कितावमा नाम दर्ता रहेका सेयरधनीहरूले पाउने गरी कम्पनीको चुक्ता पुँजीको २ प्रतिशत नगद लाभांश तथा मुनाफा रकमबाट चुक्ता पुँजीको १० प्रतिशत वोनश सेयर वितरण गर्ने प्रस्ताव पारित भए अनुसार सेयरधनीलाई घोषित प्रतिफल वितरण गर्ने कार्य जारी छ । वोनश सेयरलाई पूँजिकरण गरी वासलातमा देखाइएको छ । वोनश सेयर डिम्याट गराउन नसकेका सेयरधनीहरूको हकमा सेयर रजिष्ट्रार श्री सिद्धार्थ क्यापिटल लि. मार्फत अभौतिकीकरण गराउन उच्चतम प्रयास भैरहेको छ । हालसम्म पनि आफ्नो सेयर अभौतिकीकरण गराउन छुटेका सेयर धनीलाई यथाशिघ्र अभौतिकीकरण गराउन यसै प्रतिवेदन मार्फत अनुरोध पनि गरिन्छ ।

(ग) प्रथम त्रैमासिक अवधिको सेयर कारोवार सम्वन्धी विवरण :

| सेयरको अधिकतम् मूल्य (रू.) | सेयरको न्यूनतम् मूल्य (रू.) | सेयरको अन्तिम मूल्य (रू.) | कारोवार भएको कुल दिन | कारोवार संख्या |
|---|---|---|---|---|
| ६०८/- | ४९८/- | ५०१.४० | ५५ | १२९९१ |

**५. समस्या र चुनौती :**

यस कम्पनीको अनुवाइमा गठन भएका जलविद्युत कम्पनीहरु मार्फत अगाडि बढाइएका चार वटा जलविद्युत आयोजनाहरू: सान्जेन (माथिल्लो) जलविद्युत आयोजना (१४.८ मे.वा.), सान्जेन जलविद्युत आयोजना (४२.५ मे.वा.), रसुवागढी जलविद्युत आयोजना (१११ मेवा) सम्पन्न भई नेपाल विद्युत प्राधिकरणलाई आपूर्ति हुन शुरु भई सकेको छ भने मध्य भोटेकोशी जलविद्युत आयोजनाको हकमा केही थप समय लाग्ने देखिन्छ । यो आयोजनाबाट उत्पादन हुने विद्युत शक्ति प्रवाहका लागि आवश्यक पर्ने प्रशारण लाइन पनि सम्पन्न भई सकेको छैन ।

यस कम्पनीले संभाव्यता अध्ययनका लागि अनुमति प्राप्त गरेका सेतिनदी-३ अर्धजलासययुक्त जलविद्युत आयोजना (८७ मेगावाट), बूढीगण्डकी प्रोक जलविद्युत आयोजना (८१ मेवा), बूढीगण्डकी जलविद्युत आयोजना (९१ मेवा) र स्यारखोला जलविद्युत आयोजना (४५ मेगावाट) आयोजनाहरु निर्माण कार्य शुरु गर्नुपर्ने भएको छ । बूढीगण्डकी प्रोक जलविद्युत आयोजना (८१ मेवा) र स्यार खोला जलविद्युत आयोजना (४५ मेगावाट) को निर्माणको अनुमति पत्र प्राप्त भई सकेको छ भने अन्य दुईको हकमा अनुमति पत्र पाप्त हुने अवस्थामा रहेको छ ।

- यी आयोजनाहरु मध्ये बूढीगण्डकी जलविद्युत आयोजना (९१ मेवा) का लागि संम्भाव्यता अध्ययन गर्नका लागि आयोजना स्थलमा नै उपस्थित भई महत्वपूर्ण जानकारी लिनु पर्ने भएको र सो का लागि नेपाल सरकारको सम्बन्धित विभागमा अनुरोध समेत गरिएकोमा झण्डै अढाइ वर्षसम्म अनुमिति नआउँदा अध्ययनका कामहर अवरूद्ध भएका थिए । हालभने अनुमति पत्र प्राप्त भई सकेको छ ।
- सेतिनदी-३ अर्धजलासययुक्त जलविद्युत आयोजना (८७ मेगावाट) का लागि वित्तिय व्यवस्थापन गर्नका लागि विभिन्न वित्तिय संस्थाहरूसंग छलफल भई रहेको छ । नेपाल हाइड्रोइलेक्ट्रिसिटिबाट Financial Closer का लागि ईच्छुक भएको र अन्य संस्थाहरूसंगको समन्वयमा उल्लेखित कार्य सम्पन्न गर्ने प्रयास भई रहेको व्यहोरा प्राप्त भएको छ । यो आयोजनास्थलसम्म पुग्ने पहुँच सडक पहिले नै भएकोले वित्तिय व्यवस्थापन हुना साथ कामहरु अगाडि बढाउन सकिने अवस्था देखिन्छ । यस आयोजनाका लागि आवश्यक पर्ने राष्ट्रिय प्रशारण लाइनको भने अवस्था सहज देखिदैन ।
- बूढीगण्डकी प्रोक जलविद्युत आयोजना (८१ मेवा) र स्यारखोला जलविद्युत आयोजना (४५ मेगावाट) निर्माण गर्नका लागि आवश्यक पर्ने पहुँच सडक तयारी अवस्थामा नभएको हुँदा तत्काल निर्माणका कामहरु प्रारम्भ गर्न सकिने अवस्था देखिदैन । नेपाली सेनाको नेतृत्वमा सडक खन्ने कार्य जारी रहेको छ । सडक पुग्ना साथ निर्माणका काम प्रारम्भ गरिने छ ।

**६. संस्थागत सुशासन :**

कम्पनीको आर्थिक तथा प्रशासनिक कार्यलाई व्यवस्थित गर्न आर्थिक प्रशासन विनियमावली र कर्मचारी व्यवस्थापनको लागि कर्मचारी सेवा शर्त विनियमावली लगायतका नियम/विनियमावलीहरु सञ्चालक समितिबाट स्वीकृत गराई लागू गरिएको छ । कम्पनी ऐन, २०६३ को प्रावधान बमोजिम लेखापरीक्षण समिति गठन गरिएको छ । त्यस्तै गरी पदपूर्ति समिति, खरिद मूल्याङकन उप-समिति तथा आवश्यकता अनुसार अन्य उप-समितिहरूको गठन गर्ने गरिएको छ । आन्तरिक लेखापरीक्षणको व्यवस्था गरिएको छ । संस्थागत विकास एवं सुदृढिकरण अन्तरगत विभिन्न किसिमका अध्ययन, तालिम, तथा गोष्ठीहरु जस्ता विषयलाई पनि प्रथामिकता दिने गरिएको छ ।

**७. प्रमुख कार्यकारी अधिकृतको उद्घोषण:**

यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरूको शुद्धता सम्वन्धमा म व्यक्तिगत रूपमा उत्तरदायी छु । साथै म यो उद्घोष गर्दछु की मैले जाने वुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य तथ्य र पूर्णतामा आधारित छन् भनी विश्वास लिएको छु । लगानी कर्ताहरूलाई समुचित निर्णय लिन आवश्यक कुनै विवरण सूचना तथा जानकारीहरु लुकाइएको छैन भन्ने कुरामा पनि म विश्वस्त छु । थप जानकारी आवश्यकता महसुस गरी कम्पनीमा सम्पर्क राख्न आउने लगानीकर्ताहरूको प्रयासलाई सधै स्वागतयोग्य कदम ठान्ने छु ।